# श्री मालपोत कार्यालय चितवन,भरतपुरबाट
## प्रकाशित भएको
### हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना ।

यसमा चितवन जिल्ला साविक शिवनगर गा.वि.स.वडा नं.४ हाल भरतपुर महानगरपालिका वडा नं.१५ बस्ने तुलसी राम भट्टराईको बुहारी घन श्याम भट्टराईको श्रीमती राधिका भट्टराईले निजको पति घनश्याम भट्टराईको नाममा दर्ता कायम रहेको तपशिल बमोजिमको जग्गा दर्ता रही निज जग्गा घनश्याम भट्टराईको मिति २०८२/४/३०गतेका दिन मृत्यु भएको । निज जग्गाधनीको मृत्यु पछीका हक खाने नजिकको कानुनी हकदार दुई वटी श्रीमतीहरु क्रमश खिनी माया भट्टराई र राधिका भट्टराई भएकोमा जेठी श्रीमती खिनी माया भट्टराईको मिति २०८१/०७/२७ मा मृत्यु भएको । निजको मृत्यु पछीका हक खाने हकदारमा निजबाट कुनै पनि सन्तानहरुको जाय जन्म नभएकोले मेरा नाममा एकलौटी नामसारी गरी पाउँ भनी राधिका भट्टराईको यस कार्यालयमा निवेदन परी मिति २०८२/०७/२०गतेको आदेशानुसार यो हक दावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।यसमा निवेदकको माग बमोजिम नामसारी गरी दिनु नपर्ने कुनै कारण भए वा निज भन्दा अन्य कोही नजिकको हकवाला भए वा मृतक खिनी माया भट्टराईको शेष पछिका हक खाने सन्तानहरुको जाय जन्म भएको भए वा निजको पालनपोषण, रेखदेख, औषधी उपचार र मृत्यु पछीको सामाजिक परमपरा अनुसारको सदगत वा काजकृया कसैले गरेको भए स-प्रमाण म्यादभित्र स्वयम व्यक्ति मालपोत कार्यालय चितवन भरतपुरको मुद्दा / प्रशासन शाखामा उपस्थित भई दाबी गर्न आउनुहोला ।अन्यथा कानून बमोजिम भै जानेछ ।पछि म्याद समाप्त भए पछि कहि कतै कसैको उजुर बाजुर लाग्नेछैन ।

तपशिल

| क्र.सं. | जग्गा धनिको नाम | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | नाता | नामसारी माग गर्नेको नाम |
|---|---|---|---|---|---|---|---|
| १ | घनश्याम भट्टराई | भरतपुर | १० ग | १७४ | ०-०-१५$^{१/२}$ | श्रीमान् / कान्छी श्रीमती | राधिका भट्टराई |

ईति सम्बत् २०८२ साल कार्तिक २१ गते रोज ६ शुभम् ।